★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(Estd. 1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति : २०७९/०५/१२

मानननीय शिक्षा मन्त्री ज्यू,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
नेपाल सरकार, सिंहदरबार, काठमाडौं ।

## ज्ञापन - पत्र

नेपाली विद्यार्थी सङ्घले आफ्नो स्थापनाकाल देखि नै शिक्षामा मौलिकता र जीवन उपयोगी आधारको स्पष्ट रूपरेखा झल्किनु पर्ने मान्यता बोक्दै आएको छ। राजनीतिक स्वतन्त्रता र सामाजिक न्यायको बलियो जगबिना शिक्षामा सबैको पहुँच सम्भव नदेखिने हुँदा राजनीतिक र सामाजिक आन्दोलनको अगुवाइ गर्नु नेपाल विद्यार्थी सङ्घको दायित्व नै हो । अर्कोतिर, औपचारिक र अनौपचारिक शिक्षाका माध्यमबाट देश निर्माणको दरिलो आधार तयार गर्नु, राजनीतिक चेतनाको बिम्ब निर्माण गर्नु र सामाजिक परिवर्तनको मार्गलाई सहिष्णु बनाउन आवश्यक प्रक्रियाहरूको निरन्तर अभ्यास नेपाल विद्यार्थी सङ्घको जिम्मेवारी हो ।

सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग भइरहेको वर्तमान विश्व व्यवस्थामा शिक्षामा समान पहुँचको अभावले ठुलो खाडलको निर्माण भइरहेको छ । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकता हुने वातावरण राज्यको दायित्व भन्दा पनि व्यक्तिको आर्थिक क्षमतामा भर पर्दै जान थालेको छ । शैक्षिक गुणस्तर कुनै पनि देशको पहिचान हो; न कि व्यक्तिको निजी सफलता र असफलताको मानक । कोभिड-१९ को विश्वव्यापी स्वास्थ्य सङ्कट, विश्व राजनीतिक परिवेशमा देखिएको तीव्र ध्रुवीकरण, जैविक तथा प्राकृतिक प्रकोपहरूले गर्दा व्यक्तिको जीवनशैली भन्दा पनि धेरैजसो देशको राष्ट्रिय अर्थतन्त्र र वैदेशिक सम्बन्धहरूको छलफलले प्रश्रय पाइरहेका छन् । एकातिर शिक्षा जस्तो संवेदनशील विषय सार्वजनिक चासोको विषय नबन्नु र अर्कोतिर स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्ने गतिविधिले पनि सतही सामग्री अध्ययन अध्यापनको विषय वस्तु बन्दै जाने अवस्थाको संस्कृतिले देशको रक्षा हुन सक्दैन । विद्यालय शिक्षामा समयमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तकको पहुँच नपुग्नु र जसोतसो उच्च शिक्षा हासिल गर्ने अवस्थामा पुगेका विद्यार्थीहरू उच्च शिक्षामा समेत गुणस्तरीय पठन-पाठनको अभावमा विदेसिनुपर्ने जस्ता बाध्यता मूल समस्याको रूपमा देखिएका छन् ।

तसर्थ, समग्र शैक्षिक विकासका लागि केही तात्कालिक तथा केही संरचनागत समस्याहरूको सम्बोधन गरियोस् भन्दै निम्न मागहरूसहित नेपाल विद्यार्थी सङ्घ यो **ज्ञापनपत्र** पेस गर्दछ :

१. हालै मात्र सम्पन्न एस.ई.ई. परीक्षा उत्तीर्ण गरी कक्षा ११ मा भर्ना भएका सम्पूर्ण विद्यार्थीको भर्ना शुल्क ५० प्रतिशतले मिनाहा गर्नुका साथै नामावली सार्वजनिक गरियोस् ।
२. अनौपचारिक आर्थिक क्षेत्र (Informal Economic Sector) मा संलग्न दैनिक ज्यालादारी र मजदुरी गरेर जीविकोपार्जन गर्ने अभिभावकहरूका सन्ततिका लागि सबै शैक्षिक संस्थामा सहुलियत शुल्कमा अध्ययन गर्न पाउने व्यवस्था गरियोस् ।

३. विद्यार्थीहरूको शैक्षिक प्रमाणपत्र धितो राखी बिना ब्याज शैक्षिक ऋण प्रदान गर्ने निर्णय यथाशीघ्र कार्यान्वयन गरियोस्।

४. विद्यालय भर्ना अभियान मार्फत् विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनका लागि मन्त्रालयले प्रभावकारी अभियान सञ्चालन गरियोस् ।

५. पिछडिएको क्षेत्र, द्वन्द्वपीडित, उत्पीडित, अपाङ्ग, असहाय र बिपन्न समुदायका विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था गरियोस् ।

६. शैक्षिक सत्रको सुरुवातमा विद्यार्थी भर्नासँगै सबै विद्यार्थीको हात-हातमा पाठ्यपुस्तक पऱ्याइयोस् ।

७. दुरदराजका विद्यालयहरूमा विद्यार्थी र शिक्षकको सङ्ख्या सन्तुलित हुने गरी मन्त्रालयद्वारा योजना निर्माण गरियोस् ।

८. भौगोलिक बिकासका निम्ति विद्यालय स्तरका शैक्षिक गतिविधि प्रदेश अन्तर्गत शिक्षा प्रणाली रहने व्यवस्था लागु गरियोस् ।

९. विज्ञान, प्रविधि तथा व्यवस्थापन विषयमा विद्यार्थीहरूको रुचि रहेजस्तै 'कृषि शिक्षा' पनि अपरिहार्य भएकाले कृषि विषयमा अल्पकालीन र दीर्घकालीन योजना सञ्चालन गर्ने गरी नीति निर्माण सहित कार्यान्वयनको व्यवस्था गरियोस्।

१०. शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउन उच्च शैक्षिक क्षमता वा शिक्षण कौशल भएका व्यक्तिहरूको प्रवेशमा जोड दिनुका साथै शिक्षक सेवा आयोगलाई लोक सेवा आयोग सरह विश्वसनीय बनाउन आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरियोस् ।

११. पाश्चात्य शिक्षा तथा संस्कृतिबाट हाम्रा बालबालिकाहरू अत्यधिक प्रभावित भएकाले सामाजिक, सांकृतिक मूल्य तथा मानव मूल्यमा समेत ह्रास आएकाले सांस्कृतिक तथा मानव मूल्यको पुनर्स्थापना एवं जगेर्ना गर्ने उद्देश्य सहित विद्यालय तहमा नैतिक शिक्षा पठनपाठन गर्ने व्यवस्था मिलाइयोस् ।

१२. विश्वविद्यालयका पदाधिकारी र विद्यालयका प्रधानाध्यापकहरू दलीय भागबन्डाका आधारमा गरिने विद्यमान प्रणाली अन्त्य गरी योग्यता, क्षमता र प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिने विधि तथा संस्कृति कार्यान्वयन गरियोस् ।

१३. विश्वविद्यालयहरूको शैक्षिक क्यालेन्डर अनुसारको शैक्षिक सत्रको प्रारम्भ, परीक्षा सञ्चालन र नतिजा प्रकाशन समयमै गरियोस् ।

१४. त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयमा भइरहेको बेथितिका बारे छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गरियोस् ।

१५. विश्वविद्यालयद्वारा भाडामा लगाइएको सम्पत्तिहरुका अभिलेख प्रकाशन गर्नु पर्ने र समयमा नै नविकरणमा जोड दिइयोस् ।

१६. विश्वविद्यालयहरूको अधिकांश सम्पत्ति जीर्ण अवस्थामा रहेकाले सम्पत्तिको संरक्षण र पुनः निर्माण गर्ने कार्यमा विश्वविद्यालयले जिम्मा लिनुपर्ने व्यवस्था गरियोस् ।

१७. सरकारी मापदण्ड विपरीत मनपरि ढङ्गले शुल्क असुल्ने मेडिकल, तथा इन्जिनियरिङ र कानुन विषय अध्यापन हुने कलेजलाई नियमन गरियोस् ।

१८. पुराना र ऐतिहासिक शैक्षिक संस्थाको भौतिक संरचना जीर्ण रहेको अवस्थामा सोही ढाँचामा निर्माण गर्ने गरी विज्ञ प्राविधिकहरूको परामर्शमा पुननिर्माणको कार्य तत्काल अगाडि बढाइयोस् ।

१९.७५३ बटै स्थानीय तहमा एक स्थानीय तह एक प्राविधिक विद्यालयको अवधारणा र प्रत्येक जिल्लामा एउटा प्राविधिक क्याम्पसको व्यवस्था गरी यथाशीघ्र कार्यान्वयनमा लगियोस् ।

२०.देशभरका सबै कलेज र विद्यालयमा विद्युत, खानेपानी, इन्टरनेट र ई-लाइब्रेरी सेवाको विस्तारका साथै सरकारी क्याम्पसहरूको सरसफाइ र सुन्दरता तीन महिनाभित्र अनुभूत गर्ने गरी योजना ल्याइयोस् ।

२१.विदेशी शैक्षिक विश्वविद्यालयबाट सम्बन्ध प्राप्त शैक्षिक संस्थाहरुमा पनि उचित छात्रावृद्धिको व्यवस्था गरियोस् ।

२२.विद्यार्थीको माग, समुदायको बौद्धिक विकास र देशमा सक्षम जनशक्ति उत्पादनका निम्ति त्रिभुवन विश्वविद्यालय अन्तर्गत थप आङ्गिक क्याम्पस निर्माण गरियोस् ।

२३.शैक्षिक गुणस्तरलाई अभिवृद्धि, खोज तथा अनुसन्धान मूलक एवं व्यावहारिक शिक्षाको व्यवस्था गर्न विश्वविद्यालयका प्राध्यापकहरूको पठनपाठनमा वैज्ञानिक तरिकाले समय व्यवस्थापन गरियोस् ।

२४.कृषि सामग्री संस्थानबाट उत्पादित वस्तुहरू सहज रूपमा बिक्री वितरण तथा बजार व्यवस्थापनका लागि मन्त्रालयद्वारा नै निजी क्षेत्रसँग सहकार्य गरी समन्वयकारी भूमिका निर्वाह गरियोस् ।

२५.हालै प्रयोगमा आइरहेका सरकारी अस्पताल तथा मेडिकल कलेजहरूको स्तर उन्नति गरी सेवा, सुविधामा वृद्धि गर्नुका साथै निजी अस्पतालहरूमा समेत सर्वसाधारणले सरल र कम खर्चमा उपचार गर्न सक्ने व्यवस्था मिलाउन छिटो भन्दा छिटा मन्त्रालयद्वारा कार्यान्वयन गर्ने व्यवस्था गरियोस् ।

२६.विद्यालयमा उचित खेलकुद मैदान निर्माण तथा व्यवस्थापन, खेलकुद सामग्रीसहित खेल शिक्षकको दरबन्दी र स्वास्थ्य सामग्रीसहित एक विद्यालय एक नर्स दरबन्दी व्यवस्था गर्ने काम मन्त्रालयबाट नै गरियोस् ।

२७.उच्च शिक्षा हासिल पश्चात् विश्वविद्यालय वा सरकारद्वारा विद्यार्थीहरूलाई रोजगारीको व्यवस्था गरियोस् ।

२८.समाजवाद उन्मुख शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था सरकारद्वारा नै गरियोस् ।

२९.CTEVT लाई प्रदेश संरचनामा विस्तारित गरियोस् ।

**यी मागहरू सम्बोधनमा शिक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदै हाम्रा माग यथाशीघ्र सम्बोधन नभएमा कडा आन्दोलनमा उत्रिने उद्घोष गर्दछौं ।**

**जय नेपाल !**

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति